**मिति २०८२/१/२४ गतेको नगरकार्यपालिका बैठकका प्रस्तावहरु**

शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

१. योजना कार्यान्वयन तथा भुक्तानी सम्बन्धमा ।

२. नदीजन्य पदार्थ विकी निकासी सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व.को लागि स्वीकृत योजना तथा कार्यक्रमहरु कार्यान्वयनको सन्दर्भमा हाल सम्मको कार्य प्रगतिको विषयमा छलफल भयो । स्वीकृत योजना र भुक्तानी भएका योजनाहरुको तुलना गर्दा लक्ष्य अनुसार प्रगति हुन नसकेको र ठेक्का व्यवस्थापन समेत समयमा हुन नसक्दा कार्य प्रगति उलेख्य रुपमा हुन नसकेकोले कार्य सम्पन्न भई भुक्तानीको लागि कागजात पेश नगर्ने समितिलाई छिटो भुक्तानीको लागि पेश गर्न लगाउने, केही कार्य सम्पन्न गर्न बाँकी रहेकाहरुलाई छिटो कार्य सम्पन्न गर्न लगाई फरफारक गर्ने गराउने र ठेक्का व्यवस्थापन भएका योजनाहरुको सन्दर्भमा समेत निर्माण व्यवसायीलाई समयमै गुणस्तरीय कार्य सम्पन्न गर्ने गराउने कार्यको लागि सबैले आ-आफ्नो क्षेत्रबाट आवश्यक सहजिकरण गरी समयमै कार्य सम्पन्न हुने गरी योजना तथा कार्यक्रमहरुको कार्य गर्ने गराउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने विभिन्न खोलाहरुको नदीजन्य पदार्थ उत्खनन्, संकलन र विकी निकासी गर्ने कार्यको लागि आवश्यक प्रकृया पुरा गरी यस नगरपालिकाले केही महिना अगाडी ठेक्का व्यवस्थापन गरेको सुकवेल, वहवेल गन्धैला र चोर खोलाबाट निर्माण व्यवसायीले नदीजन्य पदार्थ उत्खनन, संकलन र विकी निकासी गर्ने कार्य गर्दा कपिलवस्तुको सामुदायिक/साझेदारी वन, चन्द्रौटा डिभिजन वन कार्यालय र शिवराज नगरपालिकाबाट अवरोध भई सोही विषयमा पटक पटक कपिलवस्तुका विभिन्न स्थानमा सरोकारवालाहरुको उपस्थितिमा बैठक वस्ने छलफल गर्ने गर्दा समेत सिमा र वन क्षेत्र देखाई विवाद श्रृजना गरी निकासी हुन नसकी रहेको अवस्था प्रदेश सरकारलाई समेत जानकारी गराएको अवस्था छ । उक्त कार्यले यस नगरपालिकाको साथै प्रदेश सरकारको राजश्व संकलनमा समेत निक्कै समस्या भएकोले यस सन्दर्भमा स्थायी रुपमा सिमा विवाद टुङ्गो नलागे सम्म प्रदेश सरकारले विगत देखि भोग भोगचलन गर्दै आएको क्षेत्र (आधार, बसोवास गरिरहेको वस्ती, सामुदायिक वनले प्रयोग गरेको क्षेत्र, स्थानीयले भोग चलन गरेको क्षेत्र र भोगाधिकार क्षेत्र) लाई आधारमानी सम्बन्धित पालिकाले आ-आफ्नो क्षेत्रमा कार्य गर्ने र चालु आ.व.मा सम्बन्धित स्थानीय तह वा डिभिजन वन कार्यालयहरु जो जसले नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन प्रकृया अगाडी बढाई कार्य गरेको छन् सोही निकायबाट कार्यान्वयन गर्ने गरी आवश्यक सहजिकरणको लागि पालिकाहरु र डिभिजन वन कार्यालयहरुलाई निर्देशन सहित पत्राचार गरी दिन अनुरोध गर्ने र नदीजन्य पदार्थको सन्दर्भमा डिभिजन वन कार्यालयहरुसँगको विवादको स्थायी

प्रमुख प्रशासकीय अधिकृत

सामाधानको लागि नदीजन्य पदार्थको ठेक्का व्यवस्थापन गरी उत्खनन, संकलन र विक्री निकासी गर्ने कार्य स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम सम्बन्धित स्थानीयतहहरुले मात्र गर्न पाउने गरी आवश्यक कानुन निर्माण गर्न माग गर्ने निर्णय गरियो ।